Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको तेत्तीसौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको **मिति २०७६ साल कार्त्तिक** २९ गते बसेको संचालक समितिको **३८८औं** बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा बैंकको प्रवन्ध-पत्र र नियमावली बमोजिम बैंकको तेत्तीसौं वार्षिक साधारण सभा बैंकका संचालक समितिका अध्यक्ष **जितेन्दर अरोरा**ज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको स्थान, मिति र समय :

**२.१** स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौं ।

**२.२** मिति : २०७६ साल मंसिर २३ गते (तदनुसार ९ डिसेम्बर २०१९), सोमबार ।

**२.३** समय : दिउँसो १:०० बजे प्रारम्भ भई अपरान्ह ४:३० बजे सम्पन्न भयो ।

## ३. सभाको सूचना प्रकाशन :

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितका विवरण खुलाई मिति २०७६ साल कार्त्तिक ३० गते शनिवार (तदनुसार १६ नोभेम्बर २०१९) को 'नागरिक' राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०७६ साल मंसिर १ गते, आइतवार (तदनुसार १७ नोभेम्बर २०१९) को 'आर्थिक अभियान' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ संचालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (संक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू संक्षिप्त पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा तथा ईमेल मार्फत पत्राचार गरी यथासमयमा पठाइएको थियो । साथै, शेयरधनी महानुभावहरुको जानकारीको लागि उक्त संक्षिप्त पुस्तिका बैंकको वेबसाइटमा समेत राखिएको थियो ।

## ४. सभाको विषय सूची :

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७५/०७६ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ ३१ मा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२२.५०(अक्षेरुपी बाईस रुपैया पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समिति तथा संचालक समितिको सिफारिश मुताविक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वहालवाला लेखापरीक्षकको ३ बर्षको अवधि समाप्त भएकोले पुन: नियुक्तिको लागि योग्य नरहेको)

**ख. विशेष प्रस्ताव :**

१. बैंकको नियमावलीको नियममा समसामयिक संशोधन/थप गर्ने ।

**ग. विविध ।**

## ५. उपस्थिति :

**५.१. संचालकहरू :**

(क) जितेन्दर अरोरा - अध्यक्ष

(ख) क्यारेन डि एल्विस - संचालक तथा संयोजक - लेखापरीक्षण समिति

(ग) अनिर्वाण घोष दास्तिदार - संचालक तथा प्रमुख कार्यकारी अधिकृत

(घ) कृष्ण कुमार प्रधान - स्वतन्त्र संचालक तथा संयोजक - जोखिम व्यवस्थापन समिति

(ङ) भरत कुवँर - सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालक तथा सदस्य, लेखापरीक्षण समिति

**५.२. प्रतिनिधिहरू :**

(क) राजन उदास - स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, संयुक्त अधिराज्य

(ख) गोपीकृष्ण भण्डारी - स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी, अष्ट्रेलिया

**५.३. पर्यवेक्षकहरू :**

(क) राजन बस्नेत - श्री कम्पनी रजिष्ट्रारको कार्यालय

**५.४. शेयरधनीहरूको उपस्थिति :**

(क) कुल शेयर (संख्यामा) - ८०,११४,३०६.६७

(ख) जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) - ५७,२७४,५२०

(ग) शेयरधनी स्वयंबाट प्रतिनिधित्व (संख्यामा) - १,०२६,०००

(घ) संस्थापकको प्रतिनिधिबाट प्रतिनिधित्व(संख्यामा) - ५६,२४८,५२०

(ङ) जम्मा उपस्थित शेयरधनीहरूको संख्या - ३,६६५

(च) जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) - ७१.४९ प्रतिशत

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य हुनुहुन्थ्यो ।

## ६. सभाको वैधानिकता र गणपुरक संख्या :

६.१. साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम तेत्तीसौं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको सभालाई जानकारी गराउनुभयो ।

६.२. तत्पश्चात् निर्धारित विषय-सूचीको क्रमानुसार कानून बमोजिम सभा अगाडि बढ्यो ।

## ७. सभाको अध्यक्षता र सभा संचालन :

सभाको वैधानिकता यकिन भएपछि सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र बैंकको नियमावलीको नियम ६(१) अनुसार बैंकको संचालक समितिका अध्यक्ष जितेन्दर अरोरा ज्यूलाई यस तेत्तीसौं वार्षिक साधारण सभाको अध्यक्षता गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र जितेन्दर अरोराज्यूले सभाको अध्यक्षता गर्नुभयो ।

## ८. संचालक समितिको तेत्तीसौं वार्षिक प्रतिवेदन प्रस्तुति :

८.१. सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा संचालक समितिका अध्यक्ष जितेन्दर अरोराज्यूले आफ्नो मन्तव्यको मुख्य मुख्य अंश पढेर सुनाउनु भयो ।

८.२. अध्यक्षको मन्तव्य प्रस्तुत भएपछि संचालक समितिको तेत्तीसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात र मिति २०७५/०४/०१ देखि २०७६/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब र सोही अवधिको नगद प्रवाह विवरण संलग्न अनुसूचीहरु उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष जितेन्दर अरोराज्यूले आह्वान गर्नुभयो ।

## ९. छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरू :

छलफलका लागि अध्यक्षज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा निम्न शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो ।

अमृत नाथ रेग्मी

व्यास कुमार शर्मा

अशोक उप्रेती

वैजुनाथ रौनियार

मेजर कुवेर लाल श्रेष्ठ

राजेश शाक्य

जयन्द्र मान सिंह बानियाँ

गुणराज भट्ट

नरसिंह लाल चख्खु

कमल राम भट्टराई

उद्धव प्रसाद घिमिरे

कृष्ण प्रसाद अधिकारी

शत्रुघन श्रेष्ठ

झंकनाथ शर्मा

डमरु वल्लभ घिमिरे

भक्ति प्रसाद उप्रेती

चन्द्र नारायण श्रेष्ठ

महेन्द्र श्रेष्ठ

रोज कुमार श्रेष्ठ

डिल्लीराम नकर्मी

## १०. शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यको संक्षिप्त विवरण :

छलफलको क्रममा सहभागी हुनुभएका शेयरधनी महानुभावहरूले पेश गर्नुभएको मन्तव्य तथा सुझावका मुख्य बुँदाहरु देहाय बमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

**अमृत नाथ रेग्मी** ज्यूले बैंकको प्रमुख वित्तिय सूचकांकको विश्लेषण गर्नुहुँदै बैंकले नेपालको अर्थतन्त्र मजबुत बनाउन महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। बैंकले आगामी दिनमा लगानी तथा पूँजी वृद्धिमा समेत ध्यान पुऱ्याउनुपर्ने धारणा राख्नुभयो। दिर्घकालीन लगानी तथा रणनीतिक साझेदारी तर्फ पनि बैंक अग्रसर हुनुपर्ने विचार व्यक्त गर्नुहुँदै उच्च प्रतिफल प्राप्तिको लागि बैंकले गरेका कार्यहरुलाई अझ परिष्कृत बनाउन तथा आगामी दिनमा उत्कृष्ट प्रदर्शनलाई निरन्तरता दिन शुभकामना व्यक्त गर्नुभयो ।

**व्यास कुमार शर्मा** ज्यूले बैंकले समग्रमा उत्कृष्ट कार्यसम्पादन पेश गरेको तथा सोको परिणाम स्वरुप इक्रा नेपालले गरेको मूल्यांकनमा बैंकले उत्कृष्टताका साथ AAA रेटिङ्ग हासिल गर्नुले बैंकमा सम्पूर्ण शेयरधनीको लगानी तथा निक्षेपकर्ताहरुको निक्षेप समेत सुरक्षित रहेको बताउनुभयो । जोखिम मूल्यांकनमा बैंकले विशेष ध्यान पुऱ्याएको तथा सो अन्तर्गत पनि साइबर सुरक्षा तथा एटीएम ह्याकिङ्ग जस्ता विषयलाई गहनताका साथ विश्लेषण गरी त्यस्ता जोखिमबाट बैंकलाई सुरक्षित राखेकोमा खुशी व्यक्त गर्नुहुँदै आगामी दिन अझ उत्कृष्ट नतिजा हासिल गर्न बैंकलाई शुभकामना व्यक्त गर्नुभयो ।

**अशोक उप्रेती** ज्यूले निरन्तर प्रगति हासिल गर्दै गइरहेकोले बैंकमा शेयरधनीहरुले गर्नुभएको लगानी सुरक्षित रहेको तथा एक सय पचास बर्ष भन्दा पुरानो बैंकिङ्ग ईतिहास भएको स्ट्याण्डर्ड चार्टर्ड बैंकले नेपालमा पनि निरन्तर रुपमा उत्कृष्ट प्रतिफल पेश गर्न सक्षम भएको बताउनु भयो ।

**वैजुनाथ रौनियार** ज्यूले बैंकले समग्रमा स्थिर किसिमको बृद्धि हासिल गर्दै गएकोले आगामी दिनमा सम्पूर्ण शेयरधनीहरुको अपेक्षा पूरा गर्न बैंक सफल हुने अपेक्षा व्यक्त गर्नुभयो । साथै देशको विविध क्षेत्रमा बैंकले आफ्नो संजाल तथा सामाजिक कार्यहरुलाई निरन्तरता दिन समेत आग्रह गर्नुभयो ।

**मेजर कुवेर लाल श्रेष्ठ** (Major Kuber Lal Shrestha) also highlighted the major aspects of Bank's financial statement and also provided specific comments on key features of financial statements as EPS, Net profit, NPA and others. He also praised Bank for receiving AAA rating from ECRA Nepal. Also presenting some synopsis of financials of other Commercial Banks in the country, he stressed bank to increase its investment in the diverse sector which will ultimately help to increase the size of balance sheet of the Bank and also meet shareholders expectation. As bank has regularly depicted Good Governance and strict adherence to Code of Conduct he suggested Bank's Management to work with much efficiently to maintain Bank's position in entire market including share market. He also suggested to hear the voice of the shareholders and address in the coming years.

**राजेश शाक्य** ज्यूले बैंकले आफुलाई संख्या वा आकारमा आधारित भन्दा पनि मूल्यमा आधारित बैंकको रुपमा कायम गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो । वित्तिय विवरणमा प्रकाश पार्नुहुँदै वहाँले बैंकले नवनियुक्त प्रमुख कार्यकारी अधिकृत ज्यूको कार्यकालमा अझ उत्कृष्ट नतिजा हासिल गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो । साथै समग्र शेयरधनीको अपेक्षा अनुसार आगामी दिनमा प्रतिफललाई समेत निरन्तर वृद्धि गर्ने तर्फ बैंकले ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**जयन्द्रमानसिंह बानियाँ** ज्यूले बैंकको समग्र परिसूचक राम्रो रहेकोमा खुशी व्यक्त गर्नुहुँदै आगामी दिनमा बैंकले शेयरधनीको अपेक्षा पूरा गर्न सफल हुने धारणा व्यक्त गर्नु भयो । साथै, हालको सूचकंहरुमा भविष्यको मार्ग स्पष्ट गर्ने यथेष्ठ प्रमाण रहेको बताउँदै बैंकले संस्थागत सुशासन तथा नियामक निकायले तोकेका सम्पूर्ण मापदण्डहरुलाई कार्यान्वयन गरेकोमा समेत बैंक तथा नवनियुक्त प्रमुख कार्यकारी अधिकृतको भूमिकाको प्रशंसा गर्नुभयो ।

**गुणराज भट्ट** ज्यूले बैंकले समग्र प्रतिफललाई निरन्तररुपमा बढाउँदै लगेकोमा खुशी व्यक्त गर्नुभयो । साथै, उत्कृष्टताको प्रमाण स्वरुप इक्रा नेपालले गरेको मूल्यांकनमा AAA रेटिङ्ग पाउनुले पनि शेयरधनीहरुको मनोवलमा समेत बृद्धि भएको धारणा राख्नु भयो । निक्षेप संकलन तथा कर्जा लगानीलाई विस्तार गर्दै शेयरधनीहरुको अपेक्षालाई निरन्तर सम्बोधन गर्न आग्रह गर्दै बैंकका कर्मचारीहरुको भूमिका तथा व्यवहार समेत उत्कृष्ट रहेको धारणा व्यक्त गर्नुभयो ।

**नरसिंहलाल चख्खु** ज्यूले बैंकको प्रमुख सूचकंहरु राम्रो रहेको तथा व्यवसाय विस्तारको बैंकको रणनीति मौलिक खालको रहेको धारणा व्यक्त गर्नुभयो । साथै, आफ्नो उत्कृष्टताको छविलाई निरन्तरता प्रदान गर्दै आगामी दिनमा अझ उत्कृष्ट नतिजा पेश गर्न बैंकलाई सुझाव दिँदै आगामी दिनहरुका लागि बैंकलाई सफलताको कामना समेत व्यक्त गर्नुभयो ।

**कमलराम भट्टराई** ज्यूले बैंकले आफनो वासलात तथा प्रतिफल बृद्धिको लागि गरेको मेहनत स्वागत योग्य रहेको जानकारी गराउनुहुँदै निष्कृय कर्जा न्यून विन्दुमा पुऱ्याउन सफल भएकोमा व्यवस्थापन पक्षलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै, आगामी दिनमा सफलतालाई निरन्तरता प्रदान गर्न समेत शुभकामना व्यक्त गर्नुभयो ।

**उद्धव प्रसाद घिमिरे** ज्यूले बैंकको वासलातले समग्र अवस्थालाई स्पष्ट पारेको विचार व्यक्त गर्नुहुँदै प्रस्तावित प्रतिफल समेत अन्तर्राष्ट्रिय प्रचलन अनुसार नै भएको बताउनुभयो । साथै आगामी दिनमा शेयरधनीको अपेक्षा समेत सम्बोधन हुने गरी बैंक अगाडी बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**कृष्ण प्रसाद अधिकारी** ज्यूले बैंकको संचालक समिति छरितो रहेको तथा वासलातको आकार बमोजिम उत्कृष्ट प्रतिफललाई कायम राख्न बैंक सफल भएको धारणा राख्नुभयो । साथै आगामी दिनमा लाभांश वितरण गर्दा बोनश शेयर समेत समेट्दा शेयरधनीहरुको अपेक्षा सम्बोधन हुने विचार व्यक्त गर्नुभयो ।

**शत्रुघन श्रेष्ठ** ज्यूले बैंकले आफ्नो उपस्थितिलाई देशका विभिन्न भागमा विस्तार गरेको अवस्थामा लगानी र निक्षेप संकलनको दायरामा पनि बृद्धि हुने तथा सो मार्फत समग्र मुनाफा समेत बढ्ने तर्फ ध्यान केन्द्रित गर्ने तर्फ अग्रसर हुन आग्रह गर्नुभयो । बैंकको निरन्तर प्रगतिको कामना गर्नुहुँदै वहाँले आगामी दिनहरुमा मुनाफामा निरन्तर बृद्धि गर्दै लैजान समेत आग्रह गर्नुभयो ।

**झंकनाथ शर्मा** ज्यूले बैंकले आफ्ना सम्पूर्ण गतिविधिहरुमा उत्कृष्टताको संस्कृतिलाई निरन्तरता दिएकोमा खुशी व्यक्त गर्नुभयो । आगामी दिनका लागि आवश्यक हुनसक्ने थप पूँजीको लागि पनि बैंकले नगद लाभांशका साथै बोनश शेयरमा समेत ध्यान दिनुपर्ने मन्तव्य प्रस्तुत गर्नुभयो ।

**डमरु वल्लभ घिमिरे** ज्यूले बैंकले साधारणसभालाई व्यवस्थित गर्न गरेको प्रयासहरुको प्रशंसा गर्नुहुँदै समग्र वासलातले बैंक व्यवस्थापन तथा कर्मचारीहरुले गरेको मेहनत स्पष्ट पारेको बताउनुभयो । साथै, उत्कृष्ट कार्यसम्पादन मार्फत मुनाफामा क्रमिक सुधार ल्याउँदै अगाडी बढ्दा शेयरधनीहरुको अपेक्षा समेत सम्बोधन हुने धारणा व्यक्त गर्नुभयो ।

**भक्ति प्रसाद उप्रेती** ज्यूले बैंकले समग्रमा कम लागतमा बढि प्रतिफल प्रदान गर्न सफल भएको धारणा व्यक्त गर्नुहुँदै लाभांश वितरणको लागि गरेको प्रस्ताव समग्र प्रतिफलको आधारमा सन्तोषजनक नै रहेको धारणा व्यक्त गर्नुभयो । साथै बैंकका समग्र कर्मचारीहरुले उत्कृष्ट कार्यसम्पादन गरेकोले शेयरधनीहरुले बैंकप्रति सदैव सदभाव व्यक्त गर्दै आएको विचार व्यक्त गर्नुभयो ।

**चन्द्र नारायण श्रेष्ठ** ज्यूले बैंकको वासलातको विविध पक्षमा आफ्नो धारणा राख्नुहुँदै मुनाफा बृद्धि मार्फत नै शेयरधनीहरुलाई बैंकले सन्तुष्टि प्रदान गर्न सक्ने धारणा व्यक्त गर्नुभयो । आफ्नो समग्र सम्पत्ति बढाउन तथा शेयरधनीहरुको अपेक्षा पूरा गर्न बैंक सफल हुनेमा समेत विश्वास व्यक्त गर्नुभयो ।

**महेन्द्र श्रेष्ठ** ज्यूले बैंकले आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउँदै वित्तिय अपराध तथा साइबर सुरक्षाको क्षेत्रमा समेत विशेष ध्यान पुऱ्याउनुपर्ने सुझाव पेश गर्नुभयो । शेयरधनीहरुले लगानीको प्रतिफल खोज्नु स्वभाविक भएको बताउँदै बैंकलाई आफ्नो उत्कृष्टताको पहिचान कायम राख्न सुझाव दिनुभयो ।

**रोज कुमार श्रेष्ठ** ज्यूले बैंकले आफ्नो उपस्थिति देशका अन्य क्षेत्रहरुमा पनि बढाउनुपर्ने तथा बोनश शेयरलाई समेत लाभांशको अंगको रुपमा समावेश गर्दा शेयरधनीहरुको मनोवलमा बृद्धि भई शेयर बजारमा समेत बैंकको मूल्य स्थीर हुने धारणा राख्नुभयो ।

**डिल्लीराम नकर्मी** ज्यूले बैंकले आफ्नो लगानीको क्षेत्रमा समेत निरन्तर विस्तार गर्दै मुनाफा अभिबृद्धिमा ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । साथै, खानी तथा अन्य उद्योगमा समेत लगानी बढाउँदै जाँदा त्यसले बैंकलाई फाइदा नै पुग्ने धारणा व्यक्त गर्नुभयो ।

**११. सभाका अध्यक्षज्यूको जवाफः**

साधारण सभामा भाग लिन आउनु भएका शेयरधनीहरुलाई धन्यवाद दिनुहुँदै उहाँले शेयरधनीहरुले गर्नु भएको प्रशंसा, उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरुको लागि पनि संचालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो । साथै, शेयरधनीहरुको धारणाबाट बैंक प्रतिको लगाव एवम् समर्पण प्रस्फुटित भएको तथा बैंकले अझ उत्कृष्ट नतिजा प्रस्तुत गर्न सहयोग पुग्ने हेतुले समालोचनात्मक दृष्टिकोणबाट विचार व्यक्त भएको र बैंकले सम्पूर्ण शेयरधनीहरुको भावनाको सदैव कदर गर्ने र सोलाई मार्गदर्शनको रुपमा ग्रहण गर्ने बताउनुभयो ।

शेयरधनीहरुले उठाउनु भएका जिज्ञाशा सम्बोधनको क्रममा वहाँले बैंकले नेपालमा रहेको अन्तर्राष्ट्रिय संस्थाहरुको बैंकिङ्ग आवश्यकता परिपूर्ति गर्दै नेपालमा त्यस्ता संस्थाहरु मार्फत वैदेशिक लगानी भित्र्याउन बैंकले महत्वपूर्ण भूमिका खेलिरहेको धारणा व्यक्त गर्नुभयो । साथै, नेपालमा मुख्य रुपमा लगानी गरिरहेको अन्तर्राष्ट्रिय निकाय तथा संस्थाहरुको मुख्य कार्यालय रहेको भारत, चीन, जापान, कोरिया लगायतका देशहरुमा स्ट्याण्डर्ड चार्टर्ड समुहको विस्तारित संजाल रहेको तथा त्यस्ता देशहरुबाट नेपालमा लगानी भित्र्याउन बैंकले अत्यन्तै सकारात्मक कदमहरु चालिरहेको व्यहोरा शेयरधनीहरुलाई जानकारी गराउनु भयो । नेपालमा प्रारम्भ हुन लागेको कर्जा तथा पूँजीबजारको रेटिङ्ग कार्यमा समेत बैंकले योगदान गरिरहेको व्यहोरा समेत वहाँले जानकारी गराउनुभयो । बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विगतमा प्रारम्भ भएका महत्वपूर्ण कार्यहरुलाई निरन्तर दिँदै तथा नयाँ कार्यक्रमहरु मार्फत समाजमा सकारात्मक परिवर्तनमा बैंकले अग्रणी भूमिका प्रस्तुत गर्न सफल भएको धारणा व्यक्त गर्नुभयो ।

शेयरधनीहरुले बैंकले प्रदान गरिरहेको प्रतिफलमा बोनश शेयरलाई समेत समेट्नुपर्ने धारणालाई सम्बोधन गर्नुहुँदै विगतमा बैंकले निरन्तर रुपमा बोनश शेयर तथा नगद लाभांश वितरण गरेको तथा दुई बर्ष अगाडी शतप्रतिशत बोनश शेयर जारी भएको र हाल सम्पूर्ण नियमनकारी कोषमा आवश्यक रकम जम्मा गरेपश्चात समेत बैंकसँग पर्याप्त पूँजी रहेकोले यस बर्ष नगद लाभांश प्रस्ताव भएको जानकारी गराउनुभयो । साथै, यो विषय बैंकको सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्नुहुने संचालकले समेत उठाउनुभएको जानकारी गराउँदै संचालक समितिमा यस बिषयमा यथेष्ठ छलफल भएको तथा बैंकले आगामी दिनहरुमा नगद लाभांश र बोनश शेयरको सन्तुलनलाई कायम गर्दै शेयरधनीहरुको प्रतिफलको अपेक्षा सम्बोधन गर्दै जाने धारणा व्यक्त गर्नुभयो ।

त्यस्तै, बैंकका प्रमुख कार्यकारी अधिकृत, अनिर्वाण घोष दास्तिदार ज्यूले शेयरधनीहरुको जिज्ञासालाई सम्बोधन गर्ने क्रममा समिक्षा अवधिमा बैंकले नियमनकारी निकायहरुसँगको सहकार्यमा समग्र मुलुकको अर्थतन्त्र तथा पूँजीबजारमा दीर्घकालीन रुपमा प्रतिफल सिर्जना गर्न सक्ने किसिमका गतिविधिहरुलाई निरन्तरता दिँदै आएको धारणा राख्नु भयो । साथै, नेपालमा रहेको एक मात्र अन्तर्राष्ट्रिय यस बैंकले नेपाललाई विश्वबजारमा चिनाउन उल्लेखनीय गतिविधिहरु गरिरहेको जानकारी गराउनु भयो । साथै, नेपालमा युवा बहुल जनसंख्या रहेको तथा प्रविधिको उच्चतम प्रयोग मार्फत युवा उद्यमीहरुको व्यवसायिक पहलहरुलाई बैंकले निरन्तर रुपमा साथ दिने समेत जानकारी गराउनु भयो । साथै, बैंकका प्रविधिमा आधारित नविनतम बैंकिङ्ग सेवाहरु मार्फत अधिकतम ग्राहक र क्षेत्रमा बैंकले सेवा पुऱ्याउन अनवरत प्रयासहरु जारी राखेकोले नै बैंकको भविष्यको मार्ग स्पष्ट गरेको समेत जानकारी गराउनुभयो ।

**१२. प्रस्ताव तथा निर्णय :**

अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतज्यूले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

**क. सामान्य प्रस्ताव :**

१. **आर्थिक वर्ष २०७५/०७६ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय:**
संचालक समितिको तर्फबाट आर्थिक वर्ष २०७५/०७६ को प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ ३१मा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व.२०७५/०७६ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय:**
लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ ३१ मा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व.२०७५/०७६ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

३. **संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२२.५० (अक्षेरुपी बाईस रुपैया पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने ।**

**निर्णय:**
संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२२.५० (अक्षेरुपी बाईस रुपैया पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

४. **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समिति तथा संचालक समितिको सिफारिश मुताविक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने (वहालवाला लेखापरीक्षकको ३ बर्षको अवधि समाप्त भएकोले पुन:नियूक्तिको लागि योग्य नरहेको)**

**निर्णय:**
प्रचलित कानुन बमोजिम आर्थिक बर्ष २०७६/०७७ को लागि एक जना लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तय गर्ने प्रस्तावका सम्बन्धमा कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०७३ ले व्यवस्था गरे बमोजिम वर्तमान लेखापरीक्षक पुन: नियुक्त हुन अयोग्य भएको हुँदा बैंकको लेखापरीक्षण समिति र संचालक समितिले लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्तिको लागि सिफारिस गरेको जानकारी अध्यक्षले गराउँदै शेयरधनीहरूलाई उक्त लेखापरीक्षण फर्मलाई आर्थिक वर्ष २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र उक्त फर्मलाई लेखापरीक्षण शुल्क, भ्याट तथा अन्य लेखापरीक्षणसँग सम्बन्धित खर्च समेत गरी जम्मा रु. २०,५०,०००/- (अक्षरेपी बीस लाख पचास हजार मात्र) मा नबढ्ने गरी नियुक्त गर्ने प्रस्ताव स्वीकृतिका लागि पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**ख. विशेष प्रस्ताव:**

१. **बैंकको नियमावलीको नियममा समसामयिक संशोधन/थप गर्ने ।**

**निर्णय :**
बैंकको नियमावलीको नियम १०(२) र १०(१०) मा भएको व्यवस्था संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृतिको लागि संचालक समितिका अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचना साथ पठाईएको तीन महले विवरणमा उल्लेखित कारणहरुले गर्दा संशोधन गर्नुपरेको जानकारी गराउनु भयो । साथै बैंकको नियमावलीको संशोधन सोही अनुसार स्वीकृत गर्ने विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट देहाय बमोजिम हुने गरी सर्वसम्मतिबाट विशेष प्रस्ताव पारित भयो ।

**नियम** १०(२) संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुनुपर्नेछ । यस्तो उपस्थिति भिडियो/टेलि कन्फेरेन्सको माध्यमबाट समेत हुन सक्नेछ ।

**नियम** १०(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संचालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा संचालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गर्न सकिनेछ । यसरी भएको सहमतिलाई संचालक समितिको बैठकको निर्णय मानिनेछ र सोलाई संचालक समितिको बैठकमा गणना गरिनेछ ।

**ग. विविध**

सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१३. धन्यवाद ज्ञापन:**

छलफलको निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले बैंकको उत्कृष्ट कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र तेत्तीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरू महानुभावहरुलाई, नियमनकारी निकायका प्रतिनिधिहरुलाई तथा सम्पूर्ण शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा विसर्जन:**

अन्त्यमा अपरान्ह ४:३० बजे सभाका अध्यक्षज्यूले बैंकको तेत्तीसौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

श्री जितेन्द्र अरोरा
**अध्यक्ष**

बिमल सिंह
**कम्पनी सचिव**

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड